प्रमाणीकरण गर्नेको

नामः श्री हरिबहादुर महत

पदः नगरसभा अध्यक्ष

मितिः २०७४।५।६

पृष्ठ संख्याः ३

**हेटौडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

# हेटौडा उपमहानगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरु संचालनका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४

**प्रस्तावनाः**

हेटौडा उपमहानगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरु संचालनका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हेटौडा उपमहानगरपालिकाको प्रथम नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "हेटौडा उपमहानगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगर सभा" भन्नाले हेटौडा उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले हेटौडा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले हेटौडा उपमहानगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "बिषयगत शाखा" भन्नाले हेटौडा उपमहानगरपालिका नगर कार्यपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, इकाई, कार्यालय तथा अन्य प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ ।

(ङ) "संचित कोष" भन्नाले हेटौडा उपमहानगरपालिकाको संचित कोषलाई सम्झनु पर्दछ ।

३. **<u>आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>**

(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूजिगत खर्च र बित्तिय व्यवस्थापन क्षेत्रको खर्च समेत गरी जम्मा रकम **रु.१ अर्व ३० करोड २१ लाख ७८ हजार (अक्षेरुपी एक अर्व तीस करोड एक्काइस लाख अठहत्तर हजार रुपैयामात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ का निमित्त हेटौडा उपमहानगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखा तथा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखा तथा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ३१८,३४४.०० | १९९,८५८.५० | | ५१८,२०२.०० |
| २ | | वडा समिति | ८,५२८.०० | १७७,०००.०० | | १८५,५२८.०० |
| ३ | | बिषयगत शाखा | | ५९०,४४८.०० | | ५९०,४४८.०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ३,४००.०० | | ४,६००.०० | ८,०००.०० |
| ५ | | लगानी (शेयर/ऋण) | ३२०,२७२.०० | ९६७,३०६.०० | ४,६००.०० | १,३०२,१७८.०० |